# नेपाल

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल
राष्ट्र प्रमुखः विद्यादेवी भण्डारी
सरकार प्रमुखः पुष्पकमल दाहाल (अगस्ट २०१६ मा खड्गप्रसाद ओली पश्चात् प्रधानमन्त्री भएका)

सन् २०१५ मा नेपालमा आएको भूकम्प पश्चात् दशौं हजार मानिसहरू पर्याप्त आवासको अधिकार लगायत अन्य मानवअधिकारहरू उपभोग गर्नबाट वञ्चित भइरहे । संविधान संशोधन क्रममा विभेदकारी प्रावधानहरूलाई संबोधन नगरेको भन्दै सीमान्तकृत समूहहरूले असन्तुष्टि प्रकट गरे । तराइमा भएका विरोध सभाहरूमा प्रदर्शनकारीहरूमाथि ज्यादती तथा अधिकतम बल प्रयोग भएको घटनाहरूमा प्रभावकारी अनुसन्धान भएन । सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूमा न्याय निरुपण गर्ने सवालमा न्यून प्रगति भएको छ । सरकारले वैदेशिक रोजगार क्षेत्रलाई नियमन गर्न नयाँ नीति ल्याएको भएपनि आप्रवासी कामदार भर्ती गर्ने कम्पनीहरूबाट कामदारहरू शोषित भइरहे । लिङ्ग, जात, वर्ग, जातीय उद्गम, यौनिक झुकाव, लैङ्गिक परिचय र धर्ममा आधारित विभेद जारी रह्यो । महिला तथा बालिकाहरूलाई लैङ्गिक हिंसाबाट पर्याप्त संरक्षण गरिएन ।

## पर्याप्त आवासको अधिकार

२०७२ वैशाखको भूकम्पबाट प्रभावित सयौं हजार जनताहरू अस्थाई आवासहरूमा बसिरहेका छन् । राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले सन् २०१६ को जनवरी देखि आफ्नो काम सुरु गर्‍यो र पुर्ननिर्माण औपचारिक रूपमा अप्रिलदेखि सुरु भयो । डिसेम्वर सम्ममा भूकम्पबाट अति प्रभावित १४ जिल्लामध्ये ११ जिल्लामा भत्किएका आवासहरूको क्षति विवरणहरू सङ्कलन गर्ने काम सम्पन्न भयो । मानिसहरूलाई घर पुर्ननिर्माणका लागि अनुदान रकम वितरण गर्ने कार्यमा ढिलाइ गरिएकाले प्रभाति मानिसहरूले अर्को हिउँद आधारभूत वासस्थान र अत्यावश्यक सेवाविहीन भएर नै काट्ने अपेक्षा गरे । २०१६ को सेप्टेम्वरमा प्रधानमन्त्री पुष्पकमल दाहालले भूकम्प पीडितहरूलाई दिइने राहत रकम रू. दुई लाख (१८५० अमेरिकन डलर) बाट बढाई रू. तीन लाख (२८०० अमेरिकन डलर) पुर्‍याएको घोषणा गरे जसलाई मन्त्रिपरिषद्ले डिसेम्वरको अन्त्यतिर अनुमोदन गरेको छ ।

सन् २०१६ जुलाईमा संयुक्त राष्ट्रसङ्घको बालबालिकासम्बन्धी समितिले भूकम्पले बालबालिकाको अधिकारमा पारेको असर र आन्तरिक रूपमा विस्थापित क्याम्प वा अनौपचारिक वासस्थानहरूमा खाना, सफा पिउने पानी, सरसफाइ, स्वास्थ्य सेवा र शिक्षामा पर्याप्त पहुँचबिना बसोवास गरिरहेका बालबालिकारूको सङ्ख्याको बारेमा चासो व्यक्त गरेको थियो ।

## बलको अत्यधिक प्रयोग

तराइमा प्रदर्शनकारीहरूविरुद्ध गरिएको यातना र बलको अनावश्यक तथा अत्यधिक प्रयोगका बारेमा प्रभावकारी छानबिन भएन । नेपालको संविधान २०७२ र २०७२ पौषमा भएको संशोधनले विभेद गरेको र उचित न्यायोचित राजनीतिक प्रतिनिधित्व नगरेको दावी गर्दै मधेसी तथा सीमान्तकृत समुदायले विरोध जारी राखे । प्रदर्शनकारीहरूले भारतको सीमा क्षेत्रको आवतजावतमा अवरुद्ध गरेको कारणले इन्धन, खाद्य सामग्री, औषधी र निर्माण सामग्रीहरूको चरम अभाव भएको थियो ।

तराइमा भएका यी विरोध प्रदर्शनहरूका क्रममा सुरक्षा निकायद्वारा बलको अत्यधिक प्रयोग गरी भएको २७ जना पुरुष, चारजना महिला र छजना बालबालिकाहरूको मृत्युका घटनाहरूमा छानबिन गर्न सन् २०१६ अगष्टमा गठित आधिकारिक आयोगले खासै प्रगति गर्न सकेन ।

## आप्रवासी कामदारको अधिकार

वैदेशिक रोजगार व्यवसायको प्रभावकारी नियमन हुन नसक्दा आप्रवासी कामदारहरूको अधिकारमा व्यापक दुर्व्यवहारहरू भएका छन् । चर्को भर्ना शुल्कका कारण विदेशमा रहेका नेपाली कामदारहरू कर्जाजनित श्रम दासता, जबरजस्ती श्रम र श्रम शोषणका लागि हुने मानव बेचविखनको जोखिममा परेका छन् । गन्तव्य मुलुकहरूका कडा आप्रवासी श्रम कानुन तथा कानूनको फितलो कार्यान्वयनका कारण कामदारहरूमाथि हुने दुर्व्यवहार थप सहज भएको छ । यस्ता दुर्व्यवहारहरूका विरुद्ध स्थानीय दलाल तथा निजी कम्पनीहरूमाथि ज्यादै कम अनुसन्धान तथा अभियोजनहरू भएका छन् ।

आप्रवासन श्रमसम्बन्धी कानून तथा नीतिहरू प्रभावकारी भएनन् र आप्रवासी कामदारहरूको सुरक्षा संयन्त्रका सवालमा पनि न्यून सुधार भयो । सरकारको नि:शुल्क भर्ना प्रणाली पर्याप्त कार्यान्वयन तथा अनुगमनको अभावमा असफल प्राय भयो ।

महिला आप्रवासी कामदारहरूका हकमा राखिएको उमेर हदबन्दीका कारण महिलाहरूले वैदेशिक रोजगारीका लागि अक्सर अनौपचारिक माध्यमहरू प्रयोग गर्न पुगे जसले उनीहरूलाई मानव बेचबिखनको जोखिमतामा पुऱ्यायो ।

## यातना र अन्य दुर्व्यवहार

आरोपितलाई गल्ती स्वीकार गर्न लगाउन तथा मानिसहरूलाई डर देखाउनका लागि खासगरी न्यायिक सुनुवाइपूर्व प्रहरी हिरासतमा यातना दिने क्रम विद्यमान रह्यो ।

२०१६ को सेप्टेम्वरमा यातना र क्रुर, अमानवीय वा अपमानजनक व्यवहार (नियन्त्रण) विधेयक संसदमा पेश गरिएको भएपनि वर्षको अन्त्यसम्म पनि त्यसलाई पारित गरिएन । उपरोक्त विधेयकका व्यवस्थाहरू अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डअनुरुप थिएनन् जस्तोकी सो विधेयकमा यातनाको परिभाषा ज्यादै नै साँघुरो थियो र उजुरीका लागि ९० दिनको हद म्याद थियो ।

फेब्रुअरी २०१६ मा नेपाली सेनाका कर्णेल कुमार लामालाई नेपालमा भएका दुईवटा यातनासम्बन्धी घटनाका सवालमा विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्तअन्तर्गत बेलायती अदालतमा मुद्दा चलाइयो । एउटा अभियोगबाट उनले सन् २०१६ को जुलाईमा सफाइ पाए भने दोश्रो अभियोगमा जुरी कुनै निर्णयमा पुग्न विफल भएपछि अभियोजन अधिकारीहरूले पुन:सुनुवाइ नगर्ने निर्णय गरेसँगै उनलाई मुक्त गरियो ।

## दण्डहीनता

सन् २०१६ को मइमा सत्ताधारी नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले द्वन्द्वकालमा भएका मानवअधिकार दुर्व्यवहारका घटनाका पीडकहरूलाई क्षमादान दिने सम्झौता गरे । जुलाइ २०१६ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाली काँग्रेसका बीच सत्ता गठबन्धनका लागि भएको अर्को सम्झौतामा सत्य निरुपण तथा मेलमिलाप आयोग (सत्य आयोग) र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग (बेपत्ता आयोग)ले मेलमिलाप र क्षतिपूर्तिमा जोड दिने र विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा फौजदारी अभियोजनलाई प्राथमिकता नदिने भन्ने समझदारी रहेको थियो ।

सन् २०१४ मा पारित भएको सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गम्भीर अपराधहरूमा क्षमादान दिने खालको भाषा प्रयोग गरेको थियो । यस्तो व्यवस्थालाई सर्वोच्च अदालतले सन् २०१५ मा बदर गरेको भए पनि सरकारले त्यो कानूनलाई परिमार्जन गरेन । सत्य आयोग र बेपत्ता आयोगले स्थापना भएको १४ महिनापछि सन् २०१६ अप्रिलको मध्यतिरबाट उजुरी दर्ता गर्न थाले । दुवै आयोगका अधिकारीहरूले सरकारी ढिलासुस्ती तथा असहयोग, स्रोतसाधनको अभाव र उजुरी दर्ता गर्नका लागि उपलब्ध अवास्ताविक समयसीमाको बारेमा चासो व्यक्त गरे ।

## अभिव्यक्ति स्वतन्त्रता

सन् २०१६ को अप्रिलमा प्रधानमन्त्री खड्गप्रसाद ओलीको कार्यालयले राष्ट्रिय मानवअधिकार आयोगका आयुक्तहरूलाई बोलाएर संयुक्त राष्ट्रसङ्घको विश्वव्यापी आवधिक समीक्षामा नेपालका बारेमा परीक्षण भइरहेका बेला व्यक्त गरेको अभिव्यक्तिका सवालमा प्रश्न उठाएको थियो ।

सन् २०१६ कै मइमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पत्रकार र अभियन्ता कनकमणि दिक्षितलाई भ्रष्टाचारको आरोपमा गिरफ्तार गरेको थियो । दिक्षितलाई गिरफ्तार गरेको दश दिन पछि सर्वोच्च अदालतले उनको थुना गैरकानूनी रहेको भन्दै रिहाइ गर्न आदेश दियो । कनक दिक्षितले आफ्नो गिरफ्तारी उहाँको आलोचनात्मक अभिव्यक्तिलाई कुण्ठित गर्ने प्रयासस्वरूप भएको बताउनु भयो । सोही महिना नेपालमा बसोवास गर्दै आएका क्यानेडियन नागरिक रोबर्ट पेनरलाई सामाजिक संजालमा "सामाजिक विसंगति"को बीउ रोपेको भन्दै गिरफ्तार गरी देश निकाला गरियो । शान्तिपूर्वक राजनीतिक विचार व्यक्त गर्दा यही वर्ष मधेसी कार्यकर्ता चन्द्रकान्त राउत र उनका थुप्रै समर्थकहरूले राष्ट्रविप्लवसम्बन्धी विविध अभियोगहरूको सामना गर्नुपर्‍यो ।

## विभेद

लिङ्ग, जात, वर्ग, जातिय उद्‌गम, यौनिक झुकाव, लैङ्गिक परिचय र धर्ममा आधारित विभेद जारी रह्यो । संविधान संशोधनले महिलालाई नागरिकताको समान अधिकार सुनिश्चित गरेन र दलित, समलिङ्गी स्त्री तथा पुरुष र यौनिक अल्पसङ्ख्यक लगातका सीमान्तकृत समुदायलाई विभेदका विरुद्ध संरक्षण दिएन ।

बलात्कारलाई अपराधिकरण गर्ने कानूनको संशोधन गर्दा मानवअधिकारको मापदण्डअनुरुप हुनेगरी उजुरी गर्ने हदम्यादको व्यवस्था खारेज गर्नुका साटो सो हदम्यादलाई ३५ दिन बाट बढाएर १८० दिन बनाइयो । लैङ्गिक विभेदले महिला तथा बालिकाहरूको आफ्नो यौनिकतामाथि नियन्त्रण राख्ने तथा प्रजननसम्बन्धी सुसूचित निर्णय लिने अधिकारलाई कमजोर बनाउने, कम उमेरमा र जबर्जस्ती विवाह हुने तथा गर्भावस्था र मातृस्वास्थ्य हेरचाहमा पर्‍याप्त सेवा उपभोग गर्ने कुराहरूमा चुनौती उत्पन्न हुने क्रम जारी रह्यो । महिलाले वैवाहिक बलात्कार लगायत घरेलु हिंसाबाट प्रभावित हुने क्रम जारी रह्यो । दलित र जनजाति महिलाहरू लगायत सीमान्तकृत समुदायका महिलाहरू बहुआयामिक स्वरूपका विभेदको उच्च जोखिममा रहे ।